मिति : २०८२/१२/०५

# पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तर तह छात्रवृत्ति कार्यक्रमको केन्द्रीय प्रवेश परीक्षामा अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले ध्यान दिनुपर्ने कुराहरु।

**पोखरा विश्वविद्यालय विज्ञान तथाप्रविधि संकाय स्नातकोत्तर तहका कार्यक्रमहरुमा** नियमानुसार छात्रवृत्तिमा अध्ययन गराउन मिति २०८२/१२/०५ गतेदेखि अनलाइन फाराम भर्ने व्यवस्था भएको र यो व्यवस्था मिति २०८३/०१/०७ गतेसम्म रहने व्यहोरा सर्बप्रथम सम्बन्धित सबैको लागि जानकारी गराईन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website:https://pu.edu.np/academics/faculties/fst/admission-notice अथवा https://scholarship.pu.edu.np)**मा गई तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

(१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय छात्रवृत्रि छनौट परीक्षा (Scholarship)को मिति २०८२/१२/०५ गते प्रकाशित Detail Notice को राम्रो अध्ययन गर्नुहोला ।

(२) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ ।

(३) उम्मेदवारहरुको आफ्नो Email माGmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्न मिल्नेछ ।

(४) उम्मेदवारहरुले अनलाइन फारम भर्दा एउटै Gmail ID प्रयोग गरी भर्नुपर्नेछ । यदी फरक फरक Gmail ID प्रयोग गरी अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ।

(५) उम्मेदवारहरुले अनलाइन फारम भर्न शुरुमा प्रोफाइल सेटअप गर्दा शुरु स्टेपबाट अन्तिम स्टेपसम्म(Basic Information, Contact Information, Guardian Information, SLC/SEE Information, Quota Information, Intermediate Education Information and Bachelor Education Information) नछुटाइकन सेभ गर्दै जानुपर्छ र मात्र प्रोफाइल सेटअप हुन्छ । Quota Information मा भर्दा यदि उम्मेदवार Open कोटा को हो भने पनि कोटामा पनि सेभ गर्नुपर्छ । प्रोफाइल सेटअप भएपछि उम्मेदवारहरुले Scholarship Applyगरि हाल्नुपर्छ त्यसपछि मात्र उम्मेदवारहरुको अनलाईन फारम सम्बन्धित कर्मचारीहरुबाट verifyगर्ने काम हुन्छ ।

(६) उम्मेदवार कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस पोखरा विश्वविद्यालयको अनुसूचि-२ को फरम्याटमा अनिवार्य पेश गुर्नपर्ने भएको हुदा अनुसूचि-२ को फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले उक्त फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस बनाई पेश गर्नुपर्ने छ ।

(७) अनलाइन फारम भर्ने उम्मेदवारहरुले Bachelor Level Pass भएको Transcript/Character छैन भने प्रथम सेमेष्टर देखि फाइनल सेमेष्टर भन्दा अघिका वा फाइनल सेमेष्टरसम्म पास भएको सबै सेमेष्टरका ग्रेड सीटहरुलाई स्क्यान गरी बनेको PDF Fileलाई JPGFileमा सेभ गरी अपलोड गर्नुपर्नेछ । Fileअपलोड गर्दा Transcript/Character नभएकोले ResultमाClickगरी Pending गरेपछि File लाई 3rd Year / 7th Semester Marksheet भनेको ठाउँमा अपलोड गर्नुपर्ने हुन्छ ।उम्मेदवारहरु आफु अध्ययनरत रहेको शैक्षिक संस्थाबाट सम्पूर्ण सेमेष्टर (प्रथम देखि सातौं वा आठौं सेमेष्टर) पास भएको भनि सिफारिस गरिएको सिफारिस पत्रलाई पनि 3rd Year / 7th Semester Marksheet भनेको ठाउँमा अपलोड गर्न सकिन्छ । फाईनल वर्ष वा सेमेष्टरको प्रवेश पत्रलाई Final Year Admit Card भएको महलमा अपलोड गर्नुपर्छ । तर Transcript/Character छ भने Result मा Clickगरी Passed गरेपछि फाईललाई फारम भर्ने ठाउँमा उल्लेख भएको Aggregate Marksheet को महलमा अपलोड गर्नुपर्छ । तर अनलाइन फारम भर्ने उम्मेदवारहरुले Transcript/Character नबुझाएको खण्डमा छनौट समितिबाट पास लिष्ट प्रकाशित गरेपछि तोकिएको मितिमा Transcript/Character बुझाउनुपर्छ । यदी तोकिएको मितिमाTranscript/Character नबुझाएमा सम्बन्धित उम्मेदवारलाई बाँकी छात्रवृत्ति प्रक्रियामा समावेश गरिनेछैन ।

(८)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एक पटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

(९) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुनआएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

पोखरा विश्वविद्यालय
विज्ञान तथाप्रविधि संकाय
स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समिति, २०८२